अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी,दार्चुला
सुदूरपश्चिम प्रदेश,नेपाल

यस गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठक संख्या ०१/२०८३-०८४ मिति २०८३/०४/११ गते बसेको बैठकका निर्णयहरु सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ३५ तथा सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली २०६५ को नियम २४ बमोजिम सार्वजनिक गरिएको छ ।

संवत् २०८३ साल श्रावण ११ गते बसेको कार्यपालिका बैठकका निर्णयहरुको संक्षिप्त विवरणः-

| क.स. | शाखा/उपशाखा | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | शिक्षा युवा तथा खेलकुद विकास शाखा | आईतबार विद्यालय खोलेको सम्बन्धमा Hello सरकारमा गरिएको गुनासोका आधारमा एकरुपता कायम गर्ने सम्बन्धी भएको छलफलमा अपिहिमाल गाउँपालिकाको परिवेश (यार्सागुम्वा को सिजनमा विद्यालय विदा हुने, हिउँदे विदा, वर्खे विदा) अनुसार आईतबार विदा हुदाँ विद्यालय खुल्ने दिन कम हुन जाने भएकाले आईतबार विद्यालय खोल्ने निर्णयमा पुनर्विचार नगर्न शिक्षा युवा तथा खेलकुद विकास शाखालाई निर्देशन दिने। |
| २. | प्रशासन शाखा | यस अपिहिमाल गाउँपालिका भित्र रहेका शाखा/उपशाखा/ईकाइहरुले पेश गरेको वार्षिक कार्ययोजना र खरिद योजना स्वीकृत गरियो। |
| | | गाउँ सभाको २२ औं अधिवेशनको तेस्रो बैठकबाट करार कर्मचारीहरुको म्याद थप सम्बन्धमा भएको निर्णयानुसार यस अपिहिमाल गाउँपालिकामा कार्यरत संघीय कार्यक्रम अन्तरगतका स्वीकृत दरबन्दीमा रहेका र पालिकाको आन्तरीक स्रोतबाट करारमा नियुक्त गरिएका सबै खाले करार कर्मचारीहरुको म्याद २०८३ श्रावण १ गते देखि पुस मसान्त सम्मका लागि म्याद थप गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन एवं स्वीकृति दिने। |
| ४. | योजना तथा पूर्वाधार शाखा | संघीय सरकारको आ.व. २०८३।०८४ का लागि स्वीकृत बजेट बमोजिम यस अपिहिमाल गाउँपालिकाबाट कार्यान्वयन हुने गरी वडा नं. ४ र ३ जोड्ने सडकको निर्माण कार्य अगाडी बढाउन उक्त योजनाको विस्तृत परियोजना प्रतिवेदन तयार गर्न लाग्ने आवश्यक बजेट रु ७,००,०००। (सात लाख रुपैयाँ) सोही योजना निर्माणको कन्टिन्जेसी रकमबाट दिने गरी स्रोत सुनिश्चित गर्ने र सो सम्बन्धमा गाउँ कार्यपालिकाको कार्यालयले हाल सम्म गरेको प्रक्रियागत कार्य अनुमोदन गर्दै थप प्रक्रिया अगाडी बढाउन निर्देशन एवं स्वीकृत दिने। |
| ५. | आर्थिक प्रशासन शाखा | यस अपिहिमाल गाउँपालिकाको आन्तरीक स्रोतबाट करार सेवामा नियुक्त गरिएका, संघीय करार र स्वीकृत दरबन्दीमा कार्यरत करार कर्मचारी बाहेकका सम्पूर्ण करार कर्मचारीहरुलाई आ.व. २०८३।०८४ को बजेट वक्तव्यमा व्यक्त भए बमोजिम २०८३ श्रावण १ गते देखि लागु हुने गरी कार्यालय सहयोगी कर्मचारीको हकमा रु ४००० (चार हजार) प्रति महिना र अन्यको हकमा रु ५००० (पाँच हजार) प्रति महिना का दरले प्रोत्साहन भत्ता दिने र सोका लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने |

राजेन्द्र सिंह बोहरा
प्रवक्ता
अपिहिमाल गाउँ कार्यपालिका